# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।१२।१५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------

जिल्ला तनहुँ, शुक्ला गण्डकी नगरपालिका वडा नं. १२ स्थित श्री त्रिभुवन प्रा.वि.जस्पुरकी प्रधानाध्यापक सुशीला गुरुङको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली भएकोले छानबिन गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज प्रधानाध्यापक सुशीला गुरुङले बिहार संस्कृत शिक्षा बोर्ड, पटना, भारतबाट प्राप्त मध्यमा(S.L.C. सरह) तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी राष्ट्रसेवकको ओहदा प्राप्त गरी लाभ समेत लिएको देखिंदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता